# मिति २०७५/०७/१३ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६–७

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिकाले आ व २०७५।७६ मा यस गाउँपालिका भित्र खपत हुने तथा संकलन भइ अन्यत्र निकासी हुने गिट्टी बालुवा ग्राभेल स्लेट रोडाको प्रति टेक्टर रु २५० तोक्ने।गिट्टी बालुवा ग्राभेल स्लेट रोडाको, कृषि तथा पशुजन्य उत्पादनमा हुने निकासी करको संकलनको लागि संकलनकर्ता तोक्ने जिम्मा सम्बन्धित वडा कार्यालयलाई दिने र संकलनकर्ताले कर संकलन गरेबापत संकलित रकमको २० प्रतिशत संकलन खर्च कटाएर ८० प्रतिशत रोयल्टी गाउँपालिकामा जम्मा गर्नु पर्ने सर्वसम्मतले निर्णय गरियो।

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकाको मिति २०७५।०५।०६ गतेको निर्मय बमोजिम भेरी प्राविधिक शिक्षालय, नेपालगंज बाँकेमा शैक्षिक सत्र २०७५ मा **डिप्लोमा इन सिविल इन्जिनियरिङ्ग** विषयमा पढ्नको लागि सिद्ध कुमाख गाउँपालिका वडा नं ३ निवासी श्री प्रेम बहादुर थापाकी छोरी **श्री रविना थापालाई** रु **दुई लाख पन्ध्र हजार रूपैयाँ** सिद्ध कुमाख गाउँपालिकाको आ व २०७५।७६ को स्वीकृत कार्यक्रमबाट छात्रबृति प्रदान गर्ने निर्णय भएकोका उक्त कोर्ष अध्ययनको लागि निज रविना थापाले **दुई लाख तिस हजार रुपैया** लागेको भनि सिद्ध कुमाख गाउँपालिकाको नामबाट संवन्धित शैक्षिक संस्थामा रकम बुझाएको भौचर पेश गरेको हुँदा अपुग रकम रु १५०००। निज रविना थापालाई सोधभर्ना दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ थप अध्ययन गरि पुन पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।